# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
## (प. लि. द. नं. १४८७९६/०७२/७३)
## नवौं वार्षिक साधारण सभाको निर्णय विवरण पुस्तिका (Minutes)

### (१) पृष्ठभूमि

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष २३ गते (तदनुसार जनवरी ७, २०२५) मंगलबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, चण्डोल, काठमाण्डौ स्थित कुण्डलिनी दरबार ब्याङ्क्वेटमा सम्पन्न भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका सञ्चालक अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो भने कम्पनी व्यवस्थापन तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित एवं सञ्चालित ताप्लेजुङ्ग जिल्लामा अवस्थित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको सञ्चालन अवस्था, अन्य आवश्यक निर्माण कार्य, संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण लगायतका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा प्रस्तुतिकरण गरिएको थियो । तत्पश्चात साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबैं प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णय गरी दिनको १:२० बजे समापन भएको थियो ।

### (क) सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल मंसिर २० (तदनुसार ५ डिसेम्बर, २०२४) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस नवौं वार्षिक साधारण सभाको जानकारीका लागि मिति २०८१ मंसिर २४ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र पौष ०२ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै,- उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेवसाईट www.middletamor.com मा पनि राखिएको थियो ।

### (ख) उपस्थिति :

#### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| श्री विनय कुमार श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| श्री शिव कुमार बस्नेत<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक |
| श्री अपार न्यौपाने | सञ्चालक |
| श्रीमती रूची जोशी | सञ्चालक |

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

| | |
|---|---|
| श्री ब्रज भूषण चौधरी | स्वतन्त्र-सञ्चालक |
| डा. भरत कुमार थापा | सञ्चालक |
| श्री सुशिल कुमार ओझा | सञ्चालक |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री सुदिप रोका | महाप्रबन्धक |
| श्री बिशाल बन्जारा | कम्पनी सचिव |
| श्री अर्विन्द्र श्रेष्ठ | प्रमुख प्रशासन, मानव संशाधन तथा वातावरण |
| श्री सुवास श्रेष्ठ | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री भिष्मराज चालिसे | प्रतिनिधि सानिमा क्यापिटल लि. |
| श्री सुयोग्य भण्डारी | प्रतिनिधि, एस.ए.आर. असोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्टस् |
| श्री नृपराज उपाध्याय | प्रतिनिधि नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - २४४ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - १७३ जना |
| ३. जम्मा उपस्थित संख्या | - ४१७ जना |

## (ग) नवौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू:

साधारण सभामा निम्न विषयहरूमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो:

**(क) साधारण प्रस्तावहरू :**

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत नवौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक समुहका शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन/ नियुक्ति गर्ने ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

**(ख) विशेष प्रस्तावहरू :**

१. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. गाभ्ने/गाभिने वा एकीकरण गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. आयोजना निर्माण लागतमा भएको वृद्धि अनुरूप थप कर्जा सुविधा लिने कार्य अनुमोदन गर्ने ।

**(ग) विविध**

**(घ) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | कूल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | जम्मा | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २,४६,०८७ | २४४ | १७३ | २४४ | ०.१६९ |
| कम्पनीको शेयर संख्या | ३,३३,२५,००० | १,३८,४४,५९१ | ५३,७७,५१७ | १,९२,२२,१०८ | ५७.६८ |

## (२) सभाको वैधानिकता

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेको छ । त्यस बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या २४४ भएको र कूल बाँडफाँड भएको ५७.६८ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूले गर्नु भई, नवौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

## (३) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट प्रबन्धक अर्विन्द्र श्रेष्ठले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेको ताप्लेजुङ्ग जिल्ला

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

स्थित ७३ मे.वा. क्षमताको मध्य तमोर जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनको अवस्था, विद्युत उत्पादन, कम्पनीको आर्थिक तथा वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू, चुनौती तथा भावी योजना लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरण तथा श्रव्य-दृष्य(अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराउनु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वित्तीय अवस्थाको विवरण, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

### (अ) श्री सत्रुघन श्रेष्ठ

नेपालका जलविद्युत कम्पनीहरूमा यो कम्पनी सहितका सानिमा समूह अन्तर्गतका अन्य कम्पनीहरू उत्कृष्ट कम्पनीको रूपमा रहेका छन् । कम्पनी तथा आयोजनाको गतिविधि सम्बन्धी सभामा पेश गरिएको श्रव्य-दृश्य प्रस्तुतीकरणका कारण ताप्लेजुङ आयोजनास्थल भ्रमण गरेको अनुभूती हुनुका साथै कम्पनी चुस्त र दुरूस्त सञ्चालनमा रहेको जानकारी पाएकोमा खुसी लागेको छ । यस कम्पनीले वातावरण संरक्षण, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, सडक, आदिमा आयोजना क्षेत्रका स्थानीय जनतालाई गर्नु भएको सहयोग सराहनीय छ, यस्ता कार्यहरूलाई निरन्तरता दिनु हुनेछ भन्ने अपेक्षा गर्दछु । आयोजना निर्माणका लागि लिइएको बैंक कर्जाको नियमित भुक्तानी गर्दै आगामी वर्षबाट शेयरधनीलाई प्रतिफल दिने विश्वास गर्दछु । आयोजनाको जोखिम न्यूनीकरणका लागि बीमा गर्नु कम्पनीको राम्रो कार्य हो, क्षतिको दाबि समयमा नै गर्न अनुरोध छ । आयोजनास्थलमा भएका जग्गाहरूमा कृषिजन्य खेति गर्न अनुरोध गर्दछु । यस कम्पनीको उच्च भविष्य छ, अझ उत्कृट कम्पनीमा परिणत होस भन्दै कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

### (आ) श्री निरूपमा गुप्ता

आगामी वर्षहरूमा कम्पनीको वार्षिक साधारण सभा पौषको अन्तिममा नगरी समयमा नै गर्न अनुरोध गर्दछु । सभामा पेश गरिएको श्रव्य-दृश्य प्रस्तुतीकरण प्रभावकारी रहेकाले धन्यवाद । संस्थागत सामाजिक उत्तरदायित्व, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य अन्तर्गत गरिएका कार्यहरू सह्रानीय छ, यसलाई निरन्तरता दिनु होला । आगामी वर्षमा लाभांश वितरण गर्नु हुनेछ भन्ने आशा राखेका छौ। प्रशासनिक खर्च आ.व. २०७९/०८० को तुलनामा आ.व. २०८०/०८१ मा उच्च देखिएकाले यसबारे प्रष्ट पारिदिनुहोला । कम्पनीलाई आगामी दिनमा प्रगति पथ तिर डोऱ्याउनका लागि के कस्तो रणनीति र लगानी नीति तयार पार्नु भएको छ सो सम्बन्धी जानकारी दिनुहोला ।

### (इ) श्री गोविन्द बहादुर के.सी.

विभिन्न कठिनाईका बावजुद आयोजना सफलतापूर्वक सम्पन्न भई सञ्चालनमा आएकोमा व्यवस्थापन तथा सञ्चालक समितिलाई विशेष धन्यवाद । सभामा पेश गरिएको श्रव्य-दृश्य प्रस्तुतीकरण मार्फत सबै कुरा प्रष्ट पारिदिनु भएकोमा धन्यवाद । क्रेडिट रेटिङ समीक्षा अनुसार यस कम्पनीलाई **CARE-NP BB (Double B)** रेटिङ प्राप्त भएको जसले कम्पनीको सञ्चालन राम्रो रहेको संकेत गर्दछ । आयोजना सञ्चालनमा आएको छोटो समयमा नै विद्युत विक्रीबाट राम्रो

आम्दानी गरेको छ, आगामी वर्षमा अझै बढ्दै जाने आशा गरेको छु । कम्पनीको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

### (ई) श्री इन्द्र प्रसाद लामिछाने

हाईड्रोपावर क्षेत्रमा सानिमा समूहको लगानी विस्तार गौरवमय कुरा हो । कम्पनी तथा आयोजनाको गतिविधि सम्बन्धी सभा अध्यक्षजूको मन्तब्य, प्रतिवेदन तथा श्रव्य-दृष्य प्रस्तुतीकरण मार्फत जिज्ञासाहरू पूरा भएको छ । छोटो समयमा आम्दानी राम्रो गरेका छौं अझै यसलाई बढाउँदै खर्चमा मितव्ययिता अपनाई अगाडि बढ्न अनुरोध गर्दछु । जलविद्युत आयोजनामा गरेको लगानीको प्रतिफल दीर्घकालमा मात्र प्राप्त हुने भएतापनि हाल आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आईसकेकाले आगानी वर्षबाट प्रतिफल पाउने छौं । वार्षिक साधारण सभा आर्थिक वर्ष सकिको पहिलो त्रैमासको अन्त्यमा गरिदिनुहुन अनुरोध छ ।

### (उ) श्री सुदिप श्रेष्ठ

आगामी वर्ष देखि प्रतिफल पाउने अपेक्ष गरेको छु । गौरआवासीयद्वारा स्थापित यस कम्पनीले प्राकृतिक विपत्तीको प्रभाव नपारेको खण्डमा आगामी वर्षमा अझै राम्रो गर्ने छ । दक्ष प्राविधिकका कारण आयोजना सञ्चालन प्रभाकारी रूपमा हुने हुँदा दक्ष जनशक्ति व्यवस्थापनका लागि कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गर्नु पर्दछ ।

### (ऊ) श्री ब्रम्हदेव शाक्य

यावत अवरोधहरूका बावजुत आयोजना सञ्चालनमा ल्याउनु ठुलो उपलब्धि मान्नु पर्दछ । जलविद्युत जस्तो जोखिमपूर्ण, कठिन तथा प्राकृतिक जटिलता आदिका कारण आयोजनाको अनुमानित लागत बढ्नुलाई सहजताका साथ अनुमोदन गर्नुको विकल्प देखिँदैन । विशेष प्रस्ताव समय सापेक्ष र उपयुक्त भएकाले सहर्ष अनुमोदन गर्दछु । यस सभाबाट निर्वाचित हुनुहुने चारजना सञ्चालकहरूलाई कम्पनी र हामी शेयरधनीहरूको हितमा काम गरी आगामी बर्ष लाभांश दिन सक्ने गरी जिम्मेवारी पुरा गर्न सफलता मिलोस भनि शुभकामना दिन चाहन्छु ।

### (ए) श्री बैजुनाथ प्रसाद रौनियार

कम्पनीद्वारा प्रवर्द्धित जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको हुँदा आगामी वर्ष देखि विद्युत बिक्री बापत आम्दानी बढी ऋण भुक्तनी गर्नुका साथै शेयरधनीहरूलाई प्रतिफल पनि प्रदान गर्ने आशा राखेको छु । कम्पनीले **CARE-NP BB (Double B)** रेटिङ्ग प्राप्त गरेको छ, जसले कम्पनीको सञ्चालन आवस्थ राम्रो रहेको संकेत गरेको हुँदा यस कम्पनीमा लगानि गर्नु शेयरधनीका लागि हितकर छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजना क्षेत्रका स्थानीय जनतालाई गर्नु भएको सहयोगका लागि हार्दिक धन्यवाद दिंदै यस्ता कार्यहरूलाई निरन्तरता दिनु हुनेछ भन्ने अपेक्षा गर्दछु । प्रतिवेदनबाट जोखिम व्यवस्थापन समितिको बैठक गत आ.व.मा एक पटक मात्र बसेको देखियो । आयोजनामा हुने जोखिम समाधानका लागि उक्त समितिको बैठक समय समयमा बस्नु उचित हुन्छ । कम्पनीको उत्तरो उत्तर प्रगतिको कामना गर्दछु ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

### (ऐ) श्री चन्द्र नारायण श्रेष्ठ

आयोजना सञ्चालनमा आई गत आ.व.मा ७० दिन मात्र आम्दानी गरेता सोलाई राम्रो मान्नु पर्दछ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नु भएको कार्य सह्रानिय छ । कम्पनीको लेखापरिक्षको प्रतिवेदनमा Debtor बापतको रकम के कारणले देखिएको हो प्रष्ट पारिदिनुहोला ।

### (ओ) श्री सन्दिल श्रेष्ठ

आयोजना सञ्चालनमा आउना साथ विशेष प्रस्ताव अन्तर्गत समान उद्देश्य भएका कम्पनीहरूसँग गाभ्नुपर्ने आवश्यकता कसरी आयो ? सुचिकृत कम्पनीहरूसँग गाभ्न लाग्नु भएको हो की सानिमा हाईड्रो अन्तर्गतका अन्य कम्पनीसँग ? यस बारे प्रष्ट पारिदिनु होला ।

### (औ) श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्यको सार)

कम्पनीले यस आ.व. मा लाभांश नदिए पनि आगामी आ.व. मा शेयरधनीलाई लाभांश दिनेमा म आशावादि छु । कम्पनीले आर्थिक सुशासनलाई कायम गर्दै समयमा नै साधारण सभा गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी साधारण सभा प्रथम त्रैमास भित्र गर्न सके राम्रो हुने थियो । कम्पनीको आर्थिक प्रतिवेदन अध्ययन गर्दा खर्चमा मितव्ययीता अपनाउन आग्रह गर्दछु । यस सभाबाट निर्वाचित हुनुहुने चारजना सञ्चालकहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । आजको दिन सम्म कम्पनीलाई यहाँ सम्म ल्याउन काम गर्ने कर्मचारीहरू प्रति आभार प्रकट गर्दै साधारण सभामा पेश भएका प्रस्तावमा पूर्ण समर्थन जनाउँदै वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा प्रष्ट पार्दै सम्बन्धित विषयमा सभा अक्ष्यक्षज्यूले निम्नानुसार जवाफ दिनु भयो ।

### श्री विनय कुमार श्रेष्ठ - सञ्चालक/अध्यक्ष

- यस कम्पनी प्रति माया, ममता तथ सद्भाव व्यक्त गर्नु भएकोमा सबै शेयरधनीहरू प्रति आभार व्यक्त गर्दै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।
- आयोजना सञ्चालनमा आए पश्चात विद्युतको व्यवसायिक उत्पादन मिति निर्धारण, प्रशारण लाईन व्यवस्थापन लगायतका कार्यमा नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयका लागि महाप्रबन्धक सहित अन्य कर्मचारी लाग्नुपरेको हुँदा समयमा वार्षिक साधारण सभा सम्पन्न गर्न सकिएन ।
- हजुरहरूले विश्वास गरेर सञ्चालक समितिमा चयन गर्नु भएको छ, कम्पनी तथा यहाँ शेयरधनीहरूको हितमा सदैब कार्य गर्ने, खर्चमा मितव्ययिता अपनाउने कुरामा यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।
- संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा हामीले विशेष ध्यान दिई शिक्षा, स्वास्थ्य, सडक, खानेपानी लगायतका विभिन्न क्षेत्रमा सहयोग गर्दै अएका छौ साथै, शेयरधनी महानुभावहरूको सुझाव अनुसार भविश्यमा समेत यस कार्यलाई अगाडि बढाउने छौं ।
- आगामी वर्ष प्रतिफलको आशा गरेको जनाउनु भएको छ । कम्पनीको वित्तीय प्रक्षेपण गरी आयोजनाका सहवित्तीयकरण बैंकहरूसँग छलफल गरी प्रतिफल दिने प्रयास गर्ने छौं ।

Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

- साभाको विशेष प्रस्ताव अन्तर्गत यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गरेको खण्डमा कम्पनी तथा यसको जलविद्युत आयोजना सञ्चालन र व्यवस्थापनमा मितव्ययिता, दक्ष जनशक्ति परिचालन, जोखिमको न्यूनिकरण एवं संस्था आर्थिक तथा वित्तीय रूपमा मजबुत हुने लगायतका सकारात्मक उपलब्धीहरू हासिल हुन सक्ने भएकाले यस सम्बन्धमा आवश्यक अध्ययन, विश्लेषण गरी सोको नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउन कम्पनीको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न विशेष प्रस्ताव पेश गरिएको हो ।

**श्री सुदिप रोका - महाप्रबन्धक**

यस साधारण सभामा शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हृदय देखि धन्यवाद दिन चाहन्छु । यहाँहरूले उठाउनु भएका जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूले जवाफ दिईसक्नु भएको छ तथापि म थप केहि प्रष्ट पार्न चाहन्छु ।

- आ.व. २०७९/०८० सम्म आयोजना निर्माणको चरणमानै रही प्रशासनिक खर्चमा अमोर्टाइजेसन समावेश भई नसकेकोले र आ.व. २०८०/०८१ को बैशाख २३ गते देखि आयोजना सञ्चालनमा आए पश्चात प्रशासनिक खर्चमा अमोर्टाइजेसन लागतका खर्च थप हुने भएकाले अघिल्लने वर्षको तुलनामा आ.व. २०८०/०८१ मा प्रशासनिक खर्च उच्च देखिएको हो ।
- नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री बापतको रकम बिल पेश गरेको ४५ दिन पश्चात मात्र भुक्तानी प्राप्त हुने हुँदा आ.व. २०८०/०८१ को जेष्ठ र आषाढ महिनाको भुक्तानी प्राप्त गर्नुपर्ने रकम Debtor मा जनाईएको हो ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

## (४) <u>सभाको निर्णयहरू :</u>

निर्णयार्थ नवौं वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरू सभाबाट निम्नानुसार पारित भए ।

**(क) साधारण प्रस्तावहरू :**

**१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको नवौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा सो सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**२. कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, एवं तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**
कम्पनीको २०८१ साल आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, वार्षिक नाफा नोक्सानको हिसाब र नगद प्रवाहको विवरणका साथै आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ.व. २०८०/०८१ को वार्षिक आर्थिक विवरण

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८१/०८२ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था **P.L. Shrestha & Co., Chartered Accountants** लाई मूल्य अभिवृद्धि कर बाहेक रू. २,१०,०००/-(अक्षरेपी दुई लाख दश हजार रूपैंया मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८१/०८२ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४..संस्थापक समुहका शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन/ नियुक्ति गर्ने ।**

यस कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरूको समुह "क"बाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा कम्पनीको यसै नवौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरूको तर्फबाट एक जना महिला सञ्चालक सहित ४ जना सञ्चालकहरूको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम तालिका अनुसार तपसिल अनुसारका ४ (चार) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री समिर कुमार उपाध्यायले सभामा घोषणा गर्नुभयो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | श्री विनय कुमार श्रेष्ठ<br>गोरखकाली न.पा. १, गोरखा | शेयरधनी |
| २. | श्री शिव कुमार बस्नेत<br>दहथुम-६, स्याङ्जा, | शेयरधनी श्री सानिमा माई हाईड्रोपावर लि. का आधिकारीक प्रतिनिधि |
| ३. | श्री विनोद ओभा<br>भद्रपुर -१५, झापा | शेयरधनी |
| ४. | श्रीमती सुमना न्यौपाने<br>ववियाविर्ता -३, मोरङ्ग | शेयरधनी श्री सानिमा हाईड्रोपावर लि. का आधिकारीक प्रतिनिधि |

**(ख) विशेष प्रस्तावहरू :**

**१. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

➢ यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गरेको खण्डमा कम्पनी तथा यसको जलविद्युत आयोजना सञ्चालन र व्यवस्थापनमा मितव्ययिता, दक्ष जनशक्ति परिचालन, जोखिमको न्यूनिकरण एवं संस्था आर्थिक तथा वित्तीय रूपमा मजबुत हुने लगायतका सकारात्मक उपलब्धीहरू हासिल हुन सक्ने भएकाले यस

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

सम्बन्धमा आवश्यक अध्ययन, विश्लेषण गरी सोको नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडी बढाउने साथै, यसै प्रयोजनका लागि उपयुक्त जलविद्युत प्रवर्द्धक कम्पनी पहिचान गर्ने, चल अचल सम्पत्ती तथा दायित्व एवं कारोबारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, आवश्यकता अनुसार लेखापरीक्षक, परामर्शदाता नियुक्त गर्ने तथा निजहरूको पारिश्रमिक निर्धारण गर्ने, समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न तथा सोमा हस्ताक्षर एवं सोको कार्यान्वय गर्न, गराउन गठन गरिने समितिका लागि आधिकारिक व्यक्ति तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, कानून बमोजिम सम्बन्धित नियामक तथा नियमनकारी निकायको सैद्धान्तिक सहमति/स्वीकृतिका लागि निवेदन दिने लगायत गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने सम्बन्धी नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउनका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**२. गाभ्ने/गाभिने वा एकीकरण गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस साधारण सभाबाट पारित विशेष प्रस्ताव नं. १ बमोजिम यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा आवश्यक संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**३. आयोजना निर्माण लागतमा भएको वृद्धि अनुरूप थप कर्जा सुविधा लिने कार्य अनुमोदन गर्ने ।**

यस कम्पनीद्वारा प्रवर्द्धित ७३ मे.वा. जडित क्षमताको मध्य तमोर जलविद्युत आयोजना निर्माण प्रयोजनका लागि नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लिमिटेडको अगुवाई र नबिल बैंक लिमिटेड तथा ग्लोबल आइ. एम. ई. बैंक लिमिटेडको सह–अगुवाई सहित आठ वटा बैंक तथा वित्तीय संस्थाहरूसँग मिति २०७५ माघ २७ गते भएको सहवित्तीयकरण बैंक कर्जा सम्झौता र २०८० भाद्र २६ गते सोमा भएको संशोधन बमोजिम स्वीकृत रू. ९,९९,६८,००,०००/- (अक्षरेपी: नौ अर्ब उनान्सय करोड अठसठ्ठी लाख रूपैंया मात्र) र आयोजना लागतमा भएको वृद्धि अनुरूप आवश्यक पूँजी व्यवस्थापनका लागि प्रस्तुत आयोजनाका सहवित्तीयकरण बैंकहरूसँगको कर्जा सम्झौतामा कर्जा र स्वपूँजी अनुपात साविकको ७५:२५ मा परिवर्तन गरी कर्जा ७६.१५ र स्वपूँजी २३.८५ को अनुपात कायम गर्ने गरी थप रू. ६४,१०,००,०००/- (अक्षरेपी चौसट्ठि करोड दश लाख रूपैंया मात्र) कर्जा सुविधा सहितको स्वीकृत कूल रू. १०,६३,७८,००,०००/- (अक्षरेपी: दस अर्ब त्रिसठ्ठी करोड अठहत्तर लाख रूपैंया मात्र) सहवित्तियकरण कर्जा सुविधाका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापन पक्षबाट भएका कार्यहरूको अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

**(ग) विविध**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

## (५) धन्यवाद र सभा विसर्जन

सभा अध्यक्षज्यूले यस कम्पनीको नवौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू र कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस नवौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu | ............................ |
| श्री विनय कुमार श्रेष्ठ | | बिशाल बन्जारा |
| सञ्चालक/अध्यक्ष | | कम्पनी सचिव |